# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

(२०८२ माघ १ गतेदेखि २०८२ चैत्र मसान्तसम्म)

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

## १. निकायको स्वरुप र प्रकृति

नेपालमा श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सिर्जना, रोजगारीका लागि सीपयुक्त आवश्यक जनशक्तिको विकास, श्रमको क्षेत्रमा सामाजिक सुरक्षा र व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन, बालश्रम निवारण लगायतका काम मन्त्रालयबाट हुँदै आएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु र वैदेशिक रोजगारबाट आर्जित सीप, प्रविधि र पुँजीको उपयोगबाट आन्तरिक रोजगारी प्रवर्द्धन गर्नु पनि यस मन्त्रालयको जिम्मेवारी रहेको छ ।

मन्त्रालयको स्थापना हुनु अघि वि.सं.२०२८ मा श्रम सम्बन्धी मामिला हेर्न उद्योग मन्त्रालय अन्तर्गत श्रम विभागको स्थापना भएको थियो । श्रम विभाग स्थापना भएको एक दशक पछि वि.सं. २०३८ मा श्रम तथा समाजकल्याण मन्त्रालयको स्थापना भयो । नेपाल सरकारको कार्यविभाजन नियमावली परिवर्तन भई वि.सं.२०५२ मा समाज कल्याणको क्षेत्र अलग गरी श्रम मन्त्रालय मात्र कायम भएकोमा वि.सं.२०५७ मा यातायात व्यवस्थापनको क्षेत्र समेत समायोजन भइ श्रम तथा यातायात व्यवस्था मन्त्रालय कायम हुन गयो । यसै क्रममा वि.स.२०६९ मा यातायात व्यवस्थाको क्षेत्र अन्यत्र लगी श्रम तथा रोजगार मन्त्रालय नामाकरण भयो । पुनः वि.सं. २०७४ मा कार्यक्षेत्र विस्तार भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय कायम भएको छ ।

## २. निकायको काम, कर्तव्य र अधिकार

नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः

- क. श्रम तथा रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
- ख. वैदेशिक रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन,
- ग. श्रमिक तथा कामदारको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष सञ्चालन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
- घ. औद्योगिक विवाद समाधान,
- ङ. रोजगार सम्बन्धी तथ्यांक, अध्ययन र अनुसन्धान,
- च. श्रम तथा व्यवसायजन्य सुरक्षा निरीक्षण र श्रम सम्बन्ध सम्बन्धी आयोग,
- छ. रोजगार उन्मुख सीपमूलक एवम् व्यवसायिक तालिम नीति,
- ज. ट्रेडयुनियन सम्बन्धी एकिकृत कानून र नियमन,
- झ. बालश्रम निवारण सम्बन्धी नीति र कानून,
- ञ. व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी नीति, कानून र मापदण्ड,
- ट. विदेशीहरुका लागि श्रम स्वीकृति,
- ठ. श्रम सहचारी,
- ड. बेरोजगार सम्बन्धी एकिकृत तथ्यांक व्यवस्थापन, अध्ययन र अनुसन्धान,
- ढ. मन्त्रालय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- ण. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।

## ३. निकायमा रहेका महाशाखा एवम् शाखाहरुको विवरणः

यस मन्त्रालय अन्तर्गत प्रशासन तथा योजना महाशाखा, वैदेशिक रोजगार व्यवस्थापन महाशाखा, श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखा र आन्तरिक रोजगार व्यवस्थापन महाशाखा रहेका छन् । प्रशासन तथा योजना महाशाखा अन्तर्गत प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, नीति, योजना तथा बहुपक्षीय समन्वय शाखा र कानून तथा फैसला कार्यान्वयन शाखा रहेका छन् । रोजगार व्यवस्थापन महाशाखा अन्तर्गत रोजगार आप्रवासन निति शाखा र वैदेशिक रोजगार व्यवस्थापन शाखा रहेका छन् । त्यस्तैगरी श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखा अन्तर्गत श्रम सम्बन्ध शाखा, वाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा र श्रमिक कल्याण तथा सामाजिक संरक्षण शाखा रहेका छन् । आन्तरिक रोजगार व्यवस्थापन महाशाखा अन्तर्गत रोजगार समन्वय तथा सीप विकास शाखा, रोजगार कार्यक्रम व्यवस्थापन शाखा र सूचना प्रविधि तथा तथ्यांक शाखा रहेका छन् । उपरोक्त महाशाखा तथा शाखाहरुको विस्तृत कार्य विवरण यस मन्त्रालयको वेबसाइट www.moless.gov.np मा राखिएको छ ।

## ४. निकायमा रहने दरवन्दी र कर्मचारी संख्या

मन्त्रालयमा राजपत्रांकित र राजपत्र अनंकित (स्थायी एवम् करार) जम्मा ८२ र अस्थायी दरबन्दी जम्मा १६ गरी कूल स्वीकृत दरबन्दी ९८ रहेको छ । यस मन्त्रालयको दरवन्दी एवम् सँगठन संरचना देहाय बमोजिम रहेको छः-

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -१.१

# नेपाल सरकार
## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
### प्रस्तावित संगठन संरचना

**माननीय मन्त्री**

**सचिवालय**
- उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
- शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-१

**सचिव**
- विशिष्ट श्रेणी-१

**सचिवालय**
- शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-१

**प्रशासन तथा योजना महाशाखा**
- सहसचिव (रा.प.प्र./ने.प्र.)-१

**प्रशासन शाखा**
- उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
- शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-३
- नायब सुब्बा (रा.प.अनं.प्र./ने.प्र./सा.प्र.)-८
- कम्प्युटर अपरेटर (रा.प.अनं.प्र./ने.वि.)-६
- कम्प्युटर टेक्निसियन (रा.प.अनं.प्र./ने.वि.)-२
- हलुका सवारी चालक (श्रेणी विहिन)-९
- कार्यालय सहयोगी (श्रेणी विहिन)-१२

**आर्थिक प्रशासन शाखा**
- उपसचिव (रा.प.द्वि./ने.प्र./लेखा)-१
- लेखा अधिकृत (रा.प.तृ./ने.प्र./लेखा)-१
- लेखापाल (रा.प.अनं.प्र./ने.प्र./लेखा)-१

**नीति, योजना तथा बहुपक्षीय समन्वय शाखा**
- उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
- शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-२

**कानून तथा फैसला कार्यान्वयन शाखा**
- उपसचिव (रा.प.द्वि./न्याय/कानून)-१
- कानून अधिकृत (रा.प.तृ./न्याय/कानून)-१

**वैदेशिक रोजगार व्यवस्थापन महाशाखा**
- सहसचिव (रा.प.प्र./ने.प्र.)-१

**रोजगार आप्रवासन नीति शाखा**
- उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
- शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-२

**वैदेशिक रोजगार व्यवस्थापन शाखा**
- उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
- शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-२

**श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखा**
- सहसचिव (रा.प.प्र./ने.प्र.)-१

**श्रम सम्बन्ध शाखा**
- उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
- शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-२

**बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा**
- सि.डि.ई.(रा.प.द्वि.मे.ई./मे./ज.मे.)-१
- शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-१
- मे.ई.(रा.प.तृ./मे.ई./मे./ज.मे.)-१

**श्रमिक कल्याण तथा सामाजिक संरक्षण शाखा**
- उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
- शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-१

**आन्तरिक रोजगार व्यवस्थापन महाशाखा**
- सहसचिव (रा.प.प्र./ने.प्र.)-१

**रोजगार समन्वय तथा सीप विकास शाखा**
- उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
- शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-२

**रोजगार कार्यक्रम व्यवस्थापन शाखा**
- उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
- शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-२

**सूचना प्रविधि तथा तथ्याङ्क शाखा**
- निर्देशक (कम्प्युटर)(रा.प.द्वि./ने.विविध)-१
- तथ्यांक अधिकृत(रा.प.तृ./ने.आ.यो तथा त.)-१
- कम्प्युटर ईन्जिनियर (रा.प.तृतीय/ने.विविध)-३

भरतमणि सुवेदी
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ५. प्रमुख एवम् उजुरी सुन्ने अधिकारी र सूचना अधिकारीको नाम र पद

**प्रमुखः** डा. दिपक काफ्ले, सचिव
**प्रवक्ताः** श्री पिताम्बर घिमिरे, सह-सचिव
**सहायक प्रवक्ताः** श्री मेघनाथ रिमाल, उप-सचिव
**सूचना अधिकारीः** श्री बसन्त बहादुर बोहरा, उप-सचिव
**गुनासो सुन्ने अधिकारीः** श्री मेघनाथ रिमाल, उप-सचिव
**लैङ्गिक सम्पर्क अधिकारीः** श्री रेणुका शाह, शाखा अधिकृत
**मन्त्रालयको वेवसाइटः** www.moless.gov.np

## ६. नीति, ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**नीति**

- राष्ट्रिय रोजगार नीति,२०७१
- वैदेशिक रोजगार नीति,२०६८
- राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६

**ऐन**

- रोजगारीको हक सम्बन्धी ऐन, २०७५
- श्रम ऐन, २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- वैदेशिक रोजगार ऐन, २०६४
- ट्रेड युनियन ऐन, २०४९
- बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६
- बोनस ऐन,२०३९

**नियमावली**

- वैदेशिक रोजगार नियमावली,२०६४
- वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८
- रोजगारीको हक सम्बन्धी नियमावली, २०७५
- श्रम नियमावली, २०७५
- श्रम अदालत कार्यविधि नियमावली, २०५२
- योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
- सामाजिक सुरक्षा कोष नियमावली,२०७५
- बालश्रम(निषेध र नियमित गर्ने) नियमावली,२०६२
- बोनस नियमावली, २०३९
- ट्रेड युनियन नियमावली, २०५०
- बालबालिका (विकास तथा पुनस्थापना) कोष नियमावली, २०५३
- राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति नियमावली, २०८२

**मुख्य निर्देशिका/कार्यविधि/मापदण्ड**

- विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६
- रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५
- श्रम अडिट मापदण्ड, २०७५
- ध्वनी र प्रकाश सम्बन्धी मापदण्ड,२०७३
- वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण र अनुगमन सम्बन्धी कार्यविधि, २०७२
- सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५
- वैदेशिक रोजगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७४
- वैदेशिक रोजगार बोर्डको कार्यसञ्चालन कार्यविधि, २०६८
- कार्यस्थलमा आधारित एप्रेन्टिशिप तालिम कार्यविधि, २०७६
- आन्तरिक व्यवस्थापन निर्देशिका, २०७५
- वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको कानुनी प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७५
- विदेशी नागरिकहरुको श्रम इजाजत व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५
- वैदेशिक रोजगारमा घरेलु कामदारलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०७३
- ईट्टा उद्योगमा काम गर्ने श्रमिकको व्यवसायजन्य सुरक्षा एवम् स्वास्थ्य सम्बन्धी निर्देशिका, २०७६
- इजरायलमा नेपाली सहयोगी कामदार पठाउने सम्बन्धी निर्देशिका, २०७८
- जापानमा निश्चित सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८०
- गणतन्त्र कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८०
- वैदेशिक रोजगार ठगीका उजुरीको मेलमिलाप तथा सिफारिस गर्ने कार्यविधि, २०८०
- श्रमाधान कल सेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१
- काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्ति सम्बन्धी मापदण्ड, २०८१
- सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१
-

## ७. मन्त्रालयको शाखागत रुपमा सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरणः

### (क) प्रशासन तथा योजना महाशाखा

१. **प्रशासन शाखा**

| सि.नं. | विषय | कार्य प्रगति |
|---|---|---|
| १ | नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय कार्यान्वयन | • यस मन्त्रालयबाट नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्तुत हुने विभिन्न प्रस्तावहरु प्रणाली मार्फत पठाउन सहजीकरण गरी Cabinet Decision Implementation Monitoring System मार्फत यस मन्त्रालयलाई प्राप्त हुने प्रगति विवरणहरु नियमित रुपमा अध्यावधिक गरिएको । |
| २ | सरुवा/काज/पदस्थापन/ रमाना/नियुक्ति | • यस अवधिमा जम्माः-<br>क) सरुवा - x ख) काज /कामकाज- x<br>ग) पदस्थापना- २ घ) रमाना- २७<br>ङ) अनिवार्य अवकाश/राजिनामा स्वीकृत- २ च) नियुक्तिः x |
| ३ | मनोनयन | • वेदेशिक मनोनयन- विभिन्न विषयका ३ वटा कार्यक्रमहरुमा सहभागी हुन मनोनयन गरिएको ।<br>• सेवाकालीन प्रशिक्षण मनोनयन - ACMD– २ र PCMD– १ |
| ४ | पत्राचार/संचार | • यस अवधिमा जम्मा २३५ वटा चीठ्ठीपत्रहरु बिभिन्न निकायमा पत्राचार गरिएको। |
| ५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उजुरी | • यस अवधिमा कूल ९ वटा उजुरी/गुनासो प्राप्त भएकोमा ६ वटा फछ्र्यौट भएको र ३ वटा प्रक्रियामा रहेको। |
| | राष्ट्रिय सतर्कता केन्द्र/ हेलो सरकारका उजुरी | • यस अवधिमा हेलो सरकार पोर्टल मार्फत प्राप्त भएका १९८ वटा उजुरी/गुनासो आएकोमा सो फछ्र्यौट भएको । |
| ६ | खरिद सम्बन्धमा | • मन्त्रालयमा आवश्यक कार्यालय सामग्री खरिद सम्बन्धी कार्य सम्पन्न भएको । |
| ७ | जिन्सी व्यवस्थापन | • यस मन्त्रालयको स्वामित्वमा रहेका सवारी साधन र अन्य सम्पत्तिहरुको बिवरण PAMS मा नियमित रुपमा प्रबिष्ट भइरहेको। |
| ८ | अन्य | • सचिवस्तरीय बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति विवरण नियमित रुपमा पठाइएको । |

२. **नीति, योजना तथा बहुपक्षीय समन्वय शाखा**

- यस मन्त्रालय र अन्तर्गत निकायको अर्धवार्षिक समीक्षा तथा मन्त्रालयस्तरीय समस्या समाधान समिति (MDAC) को बैठक मिति २०८२।१०।२० गते सम्पन्न भएको ।
- सुरक्षित आप्रवासन कार्यक्रम निर्देशक समितिको बैठक मिति २०८२।११।१३ गते सम्पन्न भएको ।
- यस मन्त्रालयको आगामी आ.व. ०८३।८४ को नीति तथा कार्यक्रम तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको ।
- यस मन्त्रालय र अन्तर्गत निकायको मध्यमकालिन खर्च संरचना (२०८३।८४ देखि २०८५।८६) तयार गरी राष्ट्रिय योजना आयोगमा पेश गरेको ।

- यस मन्त्रालय र अन्तर्गत निकायको गत आ.व. र यस आ.व. को फागुन मसान्तसम्मको प्रगति विवरण तयार गरी अर्थ मन्त्रालयमा पठाइएको ।
- मिति २०८२।१२।११ गते मन्त्रिपरिषदबाट स्वीकृत शासकीय सुधारका १०० बुँदे कार्यक्रम मध्ये यस मन्त्रालय र अन्तर्गत निकायहरुको नियमित रुपमा रिपोर्टिङ्ग र फोकल पर्सन तोकी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको ।

## ३. आर्थिक प्रशासन शाखाः

**आ.व. ०८२/८३** **२०८२ साल माघ १ देखि चैत्र मसान्त सम्म**

| बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | | खर्च | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुंजीगत | वित्तीय | जम्मा | चालु | पुंजीगत | वित्तीय | जम्मा |
| ३७१०००११ | श्रम, रोजगार तथा सा.सु.मं. | १४६८००००० | ८१००००० | ० | १५४९००००० | २१३४६६६२ | ० | ० | २१३४६६६२ |
| ३७१००१०१ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३२४५३०००० | ८३००००० | ० | ३३२८३०००० | १३७१७१७३१ | ५४६५३२५ | ० | १४२६३७०५६ |
| ६०१०००१२३ | उपदान | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६०१०००१३३ | संचित विदा | १५९०९५३ | ० | ० | १५९०९५३ | ० | ० | ० | ० |
| ६०१०००१६३ | औषधी उपचार | १७५५४६९ | ० | ० | १७५५४६९ | ० | ० | ० | ० |
| ३७१००१०२ | राष्ट्रिय रोजगार कार्यक्रम | २८२००००० | १३००००० | | २९५००००० | २२२५०५० | ५५१०० | | ३९३००३ |
| ३७१००१०४ | बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुन एकिकरण परियोजना पहिलो चरण | २१०२००००० | ७००००० | ० | २१०९००००० | ६३२८५९६१ | ६४६६०३ | ० | ६३९३२५६४ |
| कूल जम्मा | | ७१३०७६४२२ | १८४००००० | ० | ७३१४७६४२२ | २२४०२९४०४ | ६१६७०२८ | ० | २२८३०९२८५ |

## ४. कानून तथा फैसला कार्यान्वयन शाखा

- मन्त्रालय विरुद्ध परेका रिट/निवेदनको लिखित जवाफ सम्बन्धित अदालत समक्ष पेश गरिएको।(सम्मानित सर्वोच्च अदालतमा १ वटा, सम्मानित उच्च अदालतमा १ वटा, विशेष अदालतमा २ र सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन दर्ता १)
- बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयकऽ २०८२ को मस्यौदा तयार गरिएको ।
- योगदानकर्ता सापटी (दोश्रो संशोधन) निर्देशिका, २०८३ को मस्यौदामा राय पेश गरिएको ।
- कार्यस्थलको लागि अधिकतम तापको स्तर (मापदण्ड), २०८२ दर्ताका लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको ।
- कार्यस्थलको लागि अधिकतम तापको स्तर (मापदण्ड), २०८२ स्वीकृत भएपछि नेपाल राजपत्रमा प्रकाशनका लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको ।
- बालश्रममुक्त स्थानीय तह पोषण कार्यविधि, २०७७ दर्ताका लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको ।
- विधेयकहरुको प्राथमिकता सहितको सूची तयार गरी कानून न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको ।

(ख) रोजगार व्यवस्थापन महाशाखा

१. वैदेशिक रोजगार व्यवस्थापन शाखा:

- मिति २०८२।१२।१७ गतेको माननीय मन्त्रीस्तरको निर्णयबाट वैदेशिक रोजगारीमा जाने नेपालीहरुको स्वास्थ्य जाँचका लागि नेपाल सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थाहरु र नेपाल सरकारको स्वामित्वमा रहेका स्वास्थ्य संस्था समेत खोल्ने निर्णय भई कार्यान्वयन प्रक्रिया अगाडि बढाइएको ।
- नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२।१२।१३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एकसय कार्यसूचीको महाशाखासंग सम्बन्धित कामहरुको कार्ययोजना बनाई कार्यान्वयनमा लगिएको ।
- मन्त्रालयको मिति २०८२।१२।२० गतेको निर्णयबाट वैदेशिक रोजगार व्यवस्थापन सम्बद्ध कार्यविधि, निर्देशिका तथा मापदण्डहरु पहिचान गरी आवश्यकता अनुसार संशोधन र परिमार्जन एवं आवश्यक नदेखिएका कार्यविधि, निर्देशिका र मापदण्डहरु खारेजीका लागि वैदेशिक रोजगार व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा कार्यदल गठन भई कार्य भइरहेको।
- चालु आ.व. को नीति तथा कार्यक्रम र बजेटमा तोकिएका कार्यक्रम अन्तर्गत नवलपरासी सुस्ता पूर्व, भक्तपुर, काभ्रेपलाञ्चोक, झापा र सर्लाही जिल्लामा सुरक्षित आप्रवासन केन्द्र तथा रोजगार सेवा केन्द्रहरुमा अनुगमन सम्पन्न भएको ।

२. रोजगार आप्रवासन नीति शाखा:

- नेपाल सरकार र साउदी सरकार बीचको श्रम सम्झौता मिति २०८२।१०।११ (तदनुसार २५ फेब्रुअरी २०२६) साउदी अरेबियाको रियादमा हस्ताक्षर सम्पन्न भएको ।
- थप १६ वटा गन्तव्य मुलुकहरुसंग द्विपक्षीय श्रम सम्झौताको (BLMA) का लागि आवश्यक समन्वय तथा सहजीकरण सम्बन्धमा परराष्ट्र मन्त्रालयमा थप Follow up का लागि पत्राचार गरिएको ।
- अन्तर्राष्ट्रिय आप्रवासन संगठन (IOM) संगको सहकार्यमा National Forum for Migration Development (NFMD) को चौथो Thematic Session: Securing Migrants and their Family-Social Protection for Migrant Workers कार्यक्रम सम्पन्न भएको ।
- अन्तर्राष्ट्रिय आप्रवासन संगठन (IOM) संगको सहकार्यमा Nepal: Promoting a human security and Gender Equality-based Approach to Migration and Adaptation to Climate Change Project को कार्ययोजना निर्माण सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भएको ।
- नेपाल र मौरिसस सरकार बी सम्पन्न समझदारीपत्रको संशोधनलाई अन्तिम रुप दिन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयसंग छलफल गरी आवश्यक प्रक्रिया अघि बढाइएको ।
- नेपाल सरकार र दक्षिण कोरिया सरकार बीचको MOU को नवीकरणका लागि कोरिया सरकारको तर्फबाट मस्यौदा प्राप्त भएको ।

(ग) श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखा

१. श्रम सम्बन्ध शाखा

- अन्तर्राष्ट्रिय श्रम संगठनको श्रम सम्मेलनमा नेपाली त्रिपक्षीय प्रतिनिधिमण्डलको रुपमा सहभागिता जनाइएको ।

- अन्तर्राष्ट्रिय श्रम सँगठन (ILO) मा नियमित रुपमा प्रतिवेदन गर्नुपर्ने Forced Labour Convention, १९३० (No. २९), Abolition of Forced Labour Convention, १९५७ (No. १०५), Minimum Age Convention, १९७३ (No. १३८), Worst Forms of Child Labour Convention, १९९९ (No. १८२) नियमित प्रतिवेदन र Right to Organise and Collective Bargaining Convention, १९४९ (No. ९८) को Out of cycle (Requested by ILC) गरी ५ वटा महासन्धीहरुको कार्यान्वयन सम्बन्धी नियमित प्रतिवेदन गरिएको ।
- अन्तर्राष्ट्रिय श्रम संगठनका निम्न महासन्धीहरु अनुमोदनको प्रक्रिया शुरु गर्नु पूर्व गर्नुपर्ने विस्तृत अध्ययन गर्न कार्यदल गठन भई कार्य प्रारम्भ गरिएको ।
  - C115: Occupational Safety and Health (OSH) Convention, 1981 (No.155)
  - C190: Violence and Harassment Convention, 2019 (No.190)
  - C189: Domestic Workers Convention, 2011 (No.189)
  - C187: Promotional Framework for OSH Convention, 2006 (No.187)
- त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि. बाराको श्रम विवाद समाधान भएको र मोदी इनर्जी पर्वतमा देखिएको श्रम विवाद समाधानका लागि मध्यस्थ गठन भई कार्य भइरहेको ।
- केन्द्रीय श्रम सल्लाहकार परिपदको बैठक यस आ.व.मा दुई पटक सम्पन्न भएको ।
- न्यूनतम पारिश्रमिक निर्धारण समितिको दुई वटा बैठक सम्पन्न गरी न्यूनतम पारिश्रमिकको कार्यान्वयनका सम्बन्धमा छलफल गरिएको ।
- सबै प्रतिष्ठानहरुलाई न्यूनतम पारिश्रमिक कार्यान्वयनको लागि अनुरोध गर्दै मन्त्रालयबाट विज्ञप्ति जारी गरिएको ।
- जलवायु परिवर्तनले श्रमिकहरुलाई पारेको असर र न्यायिक रुपान्तरणको विषयमा अन्तर्क्रिया कार्यक्रम सञ्चालनको तयार भइरहेको ।

२. <u>बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखाः</u>

- बालश्रम ऐन तर्जुमा समितिबाट ऐनको मस्यौदा तयारीको कार्य अन्तिम चरणमा पुगेको र उक्त बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयक, २०८२ बारेमा सर्वसाधारणको राय सुझावका लागि मन्त्रालयको वेबसाइटमा सूचना प्रकाशन गरिनुका साथै अर्थ मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र महान्यायाधिवक्ताको कार्यालयमा राय सुझाव माग गरिएको ।
- बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ लाई समसामयिक परिमार्जन एवं संशोधनका लागि समिति गठन भई संशोधन सम्बन्धी कार्य भइरहेको ।
- कार्यस्थलमा तापको अधिकतम स्तर सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत भई कार्यान्वयनमा लगिएको ।
- राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम (२०८२–२०८६) तयार पारिएको ।
- मोरकोको माराकेसमा ११–१४ फेब्रुअरी २०२६ सम्म आयोजित 6th Global Conference on Child Labour Elimination मा सहभागिता जनाइएको ।
- सशर्त अनुदान पठाउने प्रयोजनका लागि स्थानीय तहहरुबाट प्राप्त प्रस्तावहरुको मूल्यांकन समितिबाट सिफारिस भए वमोजिम १३ वटा स्थानीय तहलाई सशर्त अनुदान पठाउन निकासाको लागि अर्थ मन्त्रालयमा लेखि पठाएको ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. **श्रमिक कल्याण तथा सामाजिक संरक्षण शाखाः**

- सामाजिक सुरक्षा कोष लगानी कार्यविधि, २०७७ (पहिलो संशोधन २०८२) स्वीकृत भई लागु गरिएको ।
- सामाजिक सुरक्षा कोष ईन्टर्न परिचालन कार्यविधि, २०८० को पहिलो संशोधन २०८२ स्वीकृत भई कार्यान्वयनमा आएको ।
- औद्योगिक करिडोर लगायत औद्योगिक क्षेत्रहरुमा महिला श्रमिकहरुको कार्यस्थल सुरक्षा सम्बन्धी अन्तरक्रिया कार्यक्रम मिति २०८२।१०।१९ गते भक्तपुर औद्योगिक क्षेत्रमा सम्पन्न भएको ।
- रोजगारदाता, श्रमिक ट्रेड युनियन र सरोकारवालाहरुसंग श्रमिक कल्याण र सामाजिक सुरक्षा सम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया/छलफल कार्यक्रम मिति २०८२।१०।२३ गते बागमती प्रदेशको हेटौंडामा सम्पन्न भएको ।
- सामाजिक सुरक्षा कोष जोखिम व्यवस्थापन कार्यविधि, २०८२ को मस्यद्यदा परिमार्जनको प्रयोजनका लागि यस मन्त्रालयका सहसचिव एवं श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखा प्रमुखको संयोजकत्वमा गठित उपसमितिबाट मस्यौदा परिमार्जन गरी सामाजिक सुरक्षा कोष सञ्चालक समितिमा पेश गरिएको ।
- सामाजिक सुरक्षा कोषमा आवद्ध हुन बाँकी रहेका रोजगारदाता र श्रमिकहरुलाई शीघ्र आवद्धताका लागि यस मन्त्रालयको वेबसाइटमा मिति २०८२।१२।१९ गते सूचना प्रकाशन गरि अनुरोध गरिएको ।
- स्वीकृत दरवन्दीभित्र करार सेवामा रहेका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराउने लगायत विदा तथा अन्य सुविधाहरुका सम्बन्धमा आवश्यक र न्यायोचित व्यवस्था गर्न सम्भाव्यता अध्ययन गरी सिफारिस सहितको प्रतिवेदन पेश गर्ने प्रयोजनार्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संयोजकत्वमा गठित समितिमा यस मन्त्रालयबाट प्रतिनिधित्व भई कार्य गरिएको ।
- सामाजिक सुरक्षा कोष लगानी कार्यविधि, २०७७ को पहिलो संशोधन २०८२ का प्रावधानहरुसंग मिलान गर्ने गरी योगदानकर्ता सापटी (दोश्रो संशोधन) निर्देशिका, २०८२ को मस्यौदा स्वीकृतिको चरणमा रहेको ।

## (घ) आन्तरिक रोजगार व्यवस्थापन महाशाखा

१. **रोजगार समन्वय तथा सीप विकास शाखाः**

- आन्तरिक श्रम बजार विस्तारका लागि सीपयुक्त जनशक्ति उत्पादन सम्बन्धमा विषयगत मन्त्रालय तथा सरोकारवाला निकायहरुबीच प्रदेश, स्थानीय तह, सहकारी, निजी र गैरसरकारी क्षेत्रसंगको साझेदारीमा कोशी प्रदेश विराटनगर तथा मधेस प्रदेश जनकपुरमा गोष्ठी/अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको ।
- मर्यादित रोजगारीको स्पष्ट मापदण्ड निर्माणको लागि प्रक्रिया अगाडि बढाइएको ।
- व्यावसायिक प्रशिक्षण केन्द्र स्थापनाका लागि जग्गा प्राप्ति, भवन निर्माण समेतका लागि सुदूर पश्चिम प्रदेशमा सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको ।
- जेनजी आन्दोलनका सहिद परिवार तथा घाइते एवं तिनका आश्रित परिवारलाई सीपमुलक तालिम तथा रोजगारीका अवसर प्रदान गर्न मन्त्रालय मातहतका निकाय तथा अन्तरसरकारी निकायहरुसंग आवश्यक समन्वय र सहजीकरण गरिएको ।

## २. रोजगार कार्यक्रम व्यवस्थापन शाखाः

- राष्ट्रिय रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८२ वमोजिम आन्तरिक रोजगार प्रवर्द्धन गतर् सम्वद्ध कानूनहरुको एकीकरण गर्नका लागि आन्तरिक रोजगार व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा समिति गठन भई कार्य भइरहेको ।
- चालु आ.व.को लागि स्वीकृत वार्षिक विकास कार्यक्रममा उल्लिखित स्थानीय तहमा भएको कार्यक्रम कार्यान्वयनको वार्षिक समीक्षा तथा अन्तर्क्रिया कार्यक्रम र रोजगार सेवा केन्द्रका कर्मचारीहरुलाई तालिम कार्यक्रम मधेस, कोशी र बागमती प्रदेशमा सम्पन्न गरिएको ।
- रोजगारीमा खटिने श्रमिक तथा रोजगार सेवा केन्द्रका कर्मचारीहरुको दुर्घटना बीमा गर्नको लागि नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय बीमा कम्पनी लिमिटेडसंग आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी बीमा सम्झौताको लागि पत्राचार गरिएको । हाल श्रमिकको सामुहिक बीमा सम्झौता सम्पन्न भएको ।
- आन्तरिक रोजगार प्रवर्द्धन अभियान सञ्चालन रणनीति निर्माणका लागि अन्तर्क्रिया कार्यक्रम गरिएको ।

## ३. सूचना प्रविधि तथा तथ्याङ्क शाखाः

- मन्त्रालयमा उपलब्ध सीमित प्राविधिक जनशक्तिका बावजुद मन्त्रालयका सूचना प्रविधि प्रणालीहरु IT Systems) लाई चुस्त र निरन्तर रुपमा सञ्चलन तथा व्यवस्थापन गरिएको ।
- वैदेशिक रोजगारबाट फर्की नेपालमा उद्यम गरेका उद्यमीलाई प्रदान गरिने राष्ट्रिय सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सम्बन्धी सूचना प्रकाशन गरी आवेदन संकलन गरिएकोमा आवेदक संस्थाहरुको अनुगमन गरी पुरस्कार वितरण सम्बन्धी छनौट चरणमा रहेको ।
- यस मन्त्रालय र अन्तर्गत निकायमा भइरहेका काम कारवाही तथा नीति नियम एवम् कार्यनिर्देशिका लगायतका सूचनाहरु माग गरी विभिन्न सेवाग्राहीहरुबाट दिएको निवेदन वमोजिमका सूचना उपलब्ध गराइएको ।
- यस मन्त्रालय र अन्तर्गत निकायहरुबाट प्रवाह हुने सेवासंग सम्बन्धित सार्वजनिक सरोकारका सूचना एवं जानकारीहरु एकीकृत रुपले सञ्चार गर्ने हेतुले मन्त्रालय र अन्तर्गत निकायहरुका सूचना अधिकारीहरु तथा सूचना प्रविधि अधिकारीहरु सम्मिलित अन्तरक्रिया कार्यक्रम मिति २०८२।१२।१७ मा गरिएको ।